मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२५ वर्ष रजत महोत्सव

◆ वर्ष : २५ ◆ अङ्क : १ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ मंसीर १ गते आइतवार (Sunday, November 17. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–

## विशेष सम्पादकीय/ प्रकाशकीय

### हाम्रो रजत यात्रा

वि.सं. २०५२ साल मंसीर १ गतेबाट श्री अन्तु प्रकाशन प्रा.(लि.) बिर्तामोडद्वारा प्रकाशित पूर्वाञ्चल दैनिकले आजदेखि २५ बर्ष अर्थात् रजत वर्ष टेकेको छ । कैयौं असहज परिस्थितिलाई सहज बनाउँदै पूर्वाञ्चलले रजत यात्रा तय गरेको हो । झापाका अग्रज तथा क्रियाशील सञ्चारकर्मीहरुसँगै यहाँका अगुवा एवम् सचेत नागरिकहरुको अग्रसरतामा प्रारम्भ भएको पूर्वाञ्चल दैनिकले यसबीच अनेक आरोह–अवरोध व्यहोरेको हाम्रो पाठक, शुभेच्छुक लगायत सबैलाई अनुभूत भएकै छ । अझ सञ्चार क्षेत्रको तत्कालीन अवस्थामा दैनिक समाचारपत्र प्रकाशन गर्ने काम स्वयम्मा 'फलामको चिउरा चपाउनु' सरह नै थियो । अनि पनि हाम्रा आदरणीय अग्रजहरुको आँट, एकता, सेवा र समर्पणले 'तँ चिता म पुऱ्याउँछु' भन्ने भनाइलाई पुष्टि गऱ्यो । यस अर्थमा पनि यसका संस्थापक परिवारप्रति हामी सदा अनुगृहित छौं र श्रद्धा प्रकट गर्दछौं ।

स्थापनाको २४ बर्ष पार गरिसक्दा देशमा अत्यन्त ठूलो परिवर्तन आइसकेको छ । राजनीतिक व्यवस्था र पद्धतिमा भएको परिवर्तनले सञ्चारकर्म सहज, सरल र सुगम भएको पनि मानिन्छ । राज्यको 'चौथो अङ्ग' भनिने सञ्चार क्षेत्रमा विद्युतीय माध्यमहरु बढी प्रभावोत्पादक मानिन्छन् पनि । तर, छापामाध्यमको महत्व र विशिष्टता ज्यूँका त्यूँ छ । लेटर प्रेसबाट शुरु भएको हाम्रो यात्रा आज अत्याधुनिक प्रविधिसहित स्वस्थ प्रतिस्पर्धा गर्न सक्ने अवस्थामा पुगेको छ । उमेर, बैंश, जोश र जाँगरले पो हुने क्रममा रहेको हाम्रो यात्रालाई अविराम बनाउन यहाँहरुको निश्छल प्रेम, सद्भाव र हार्दिक सहयोगको अझै खाँचो छ ।

सूचना प्राप्त गर्न पाउने जनताको नैसर्गिक अधिकार हो । यस्तो अधिकार संविधानद्वारा निर्दिष्ट गरिएको पनि छ । जनताको त्यस्तो अधिकारको प्रत्याभूति गराउन सञ्चारजगतको महत्वपूर्ण भूमिका रहने भएकै कारण यसलाई 'चौथो अङ्ग' भनिएको हो । तर, शासन व्यवस्थाको उच्चतम् पद्धतिमा पुगेका समय अहिले दुई तिहाइको बलियो सरकारद्वारा जनाधिकार र प्रेस स्वतन्त्रतामाथि अंकुश लगाउने काम भइरहेको भन्दै सर्वत्र आलोचना र टिप्पणी भइरहेको छ । सञ्चारकर्म स्वयम्मा साधना हो, जो सत्य, निष्ठा र निष्काम मानिन्छ । यसभित्र आग्रह, पूर्वाग्रह वा दुराग्रह रहनु हुन्न भन्ने हाम्रो मान्यता छ र हामी त्यही निष्ठामा साधनारत् छौं । यो अभिष्ट पूरा गर्ने हाम्रो प्रतिबद्धता थोरै पनि कमजोर हुन दिने छैनौं ।

मेची अञ्चलबाट प्रकाशित पहिलो दैनिक र मोफसलमा अफसेट प्रविधि भित्र्याउने पहिलो समाचारपत्रको गौरब बोकेको पूर्वाञ्चल दैनिकलाई यो उमेरसम्म अविच्छिन्न हिंड्न सक्ने तुल्याउन मन, वचन र कर्मले प्रत्यक्ष वा परोक्षरुपले सहयोग गर्नुहुने सबैप्रति यस पावन दिनको शुभ अवसरमा हार्दिक कृतज्ञता प्रकट गर्दछौं । विगतमा अनेक उकाली–ओराली, हर्ष–पीडा, अवसर–चुनौतिहरुको सामना गरेर यो उमेरसम्म आइपुग्दा हाम्रो धीरता, आँट, हौसला र ऊर्जा अझ बलियो भएको छ । तसर्थ आगामी दिनमा पनि वस्तुनिष्ट, निष्पक्ष, उत्तरदायीपूर्ण र रुपान्तरणकारी सञ्चारकर्मको प्रतिबद्धता व्यक्त गर्दै आदरणीय पाठक, विज्ञापनदाता, सञ्चारकर्मी, शुभेच्छुकहरुको सद्भाव अझ बलियो हुने अपेक्षा गरेका छौं ।

सञ्चार क्षेत्रसँग जोडिएका अनेक प्रविधिहरु आज आम नेपालीले उपभोग गर्न पाइरहेका छन् । प्रविधिको द्रुततर विकासले आम जनताको इच्छा, आकांक्षा र जिज्ञासालाई अझै धारिलो बनाउँदै लागेको छ । यस्तो अवस्थाका बीच हामीसँग चुनौतिहरु पनि थुप्रै छन् । ग्रामीण क्षेत्रबाट शुरु भएको हाम्रो यात्रा अहिले पूर्वको मात्र नभएर राष्ट्रकै प्रतिनिधि बन्ने अवस्थामा छ भन्न पाउँदा हामी स्वयम् गौरवको अनुभूति गर्दछौं । यो गौरवको अनुभूति गर्न ऊर्जा प्रदान गर्ने हाम्रा आदरणीय पाठक, विज्ञापनदाता, शुभेच्छुक, सहयोगी सबैमा पुनः सहृदय कृतज्ञता जाहेर गर्दछौं ।

| | | |
|---|---|---|
| एकराज गिरी | भरतलाल गिरी | टोरुप प्रसाई |
| प्रधान सम्पादक | प्रकाशक | अध्यक्ष |

# पूर्वाञ्चल २५ वर्षमा

## प्रधानमन्त्री, सरकारका विभिन्न निकाय, राजनीतिक दल, संघसंस्थाबाट बधाई तथा शुभकामना

**पूर्वाञ्चल दैनिक** पत्रिका प्रकाशनको २५वर्षमा प्रवेश गरेको छ। झापाको बिर्तामोड-१मा मुख्य कार्यालय रही श्री अन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशन हुँदै आएको पूर्वाञ्चल दैनिक आज मंसीर १ गते २४ बर्ष पूरा गरी २५ बर्षमा प्रवेश गरेको हो। मोफसलमा पहिलोपटक अफसेट प्रविधि भित्र्याउन सफल पूर्वाञ्चल दैनिक प्रेस काउन्सिल नेपालद्वारा 'क' श्रेणीमा वर्गीकृत पत्रिका हो। संस्थाका अध्यक्ष टोरुप प्रसाई, प्रकाशक भरतलाल गिरी र प्रधान सम्पादक एकराज गिरीले पूर्वाञ्चल रजत वर्ष प्रवेशको पूर्व सन्ध्यामा विज्ञप्ति जारी गरी मंसीर महिनामा विशेष कार्यक्रमका साथ रजत महोत्सव मनाउने जानकारी गराएका छन्। प्रदेश-१का विभिन्न जिल्ला तथा भारतको केही स्थानमा प्रत्यक्ष विक्री वितरण हुँदै आएको पूर्वाञ्चल दैनिकले प्रविधिको विकाससँगै **purwanchaldaily.com** नामक अनलाइन पोर्टलमार्फत विश्वभरका पाठकमाझ आफ्नो पहुँच कायम गर्न सफल भएको छ। यसमार्फत ताजा अपडेट र रंगीन ई-पेपर मोवाइलबाटै पढ्न पाठकलाई सहज भएको छ। यस अवसरमा पूर्वाञ्चलले प्रकाशन गर्ने विशेषांक पनि सोही कार्यक्रममा विमोचन गर्ने व्यवस्थापक चन्द्रकान्त ढकालले जानकारी दिए।



**बिर्तामोड, कात्तिक ३०।** पूर्वाञ्चल दैनिक पत्रिका प्रकाशनको २५ वर्ष प्रवेशको अवसरमा प्रधानमन्त्री केपी शर्मा ओलीसहित सरकारका विभिन्न निकाय, राजनीतिक दल एवम् संघसंस्थाले बधाई तथा शुभकामना दिएका छन्।

प्रधानमन्त्री ओलीले सन्देशमा भनेका छन्- 'मोफसलमा दैनिक पत्रिका सञ्चालन गर्नु चुनौतिपूर्ण काम थियो। त्यसवेला आर्थिक रुपले मोफसलमा दैनिक पत्रिकालाई निरन्तरता दिन निक्कै कठिन थियो। तर, पूर्वाञ्चल दैनिकले यो चुनौति सहजै पार गर्दै २५ वर्षको यात्रा तय गरेको छ।' 'यसका लागि पत्रिकाका प्रकाशक, सम्पादकीय टिम, कर्मचारी तथा सम्पूर्ण पाठकवर्गहरुलाई हार्दिक शुभकामना व्यक्त गर्दछु'- प्रधानमन्त्रीले भनेका छन्।

पत्रकारितालाई समाजको ऐनाको रुपमा चित्रण गरिएको र यसले समाजको वास्तविकतालाई उजागर गर्दै समाज परिवर्तनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै प्रधानमन्त्री ओलीले रजत वर्षको अवसरमा शुभकामना दिएका हुन्।

२०५२ सालबाट आफ्नो प्रकाशनको यात्रा शुरु गरेको पूर्वाञ्चल दैनिक २५ वर्षमा प्रवेश गरेको अवसरमा सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बास्कोटाले पत्रिकासंग आवद्ध सबै पत्रकार तथा कर्मचारीहरुलाई बधाईसहित सफलताको शुभकामना व्यक्त गरेका छन्। शुभकामना सन्देश पठाउँदै सञ्चारमन्त्री बास्कोटाले सुखी नेपाली समृद्ध नेपाल निर्माणमा नेपाल सरकार दृढताका साथ अगाडि

(बाँकी पृष्ठ २मा)

## दिदीलाई कुटेर मार्ने भाइ पक्राउ

**मोरङ, कात्तिक ३०।** कानेपोखरी-१ होक्लाबारी बस्ने आफ्नै दिदी ५५ वर्षीया सिता सोरेनलाई कुटपिट गरी हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ५१ वर्षीय बिजय किस्कू र ३२ वर्षीय बीरेन्द्र किस्कूलाई प्रहरीले पक्राउ गरेको छ।

उनीहरुले जग्गाको बिषयमा बादबिवाद भइ दिदी सीतालाई कुटपिट गर्दा गम्भीर घाइते भइ उपचारको लागि बिराट नर्सिङ होम बिराटनगर लगिएकोमा उपचारको क्रममा उनको मृत्यु भएको थियो। प्रहरी चौकी रमाइलोबाट गएको प्रहरीको टोलीले कुटपिटमा संलग्न दुवै जनालाई पक्राउ गरेको बताइएको छ।

## दुर्घटनामा प्रहरीसहित १४ जना घाइते

**इलाम, कात्तिक ३०।** मेची राजमार्ग अन्तर्गत इलामको कोल्बुङ्गमा भएको सवारी दुर्घटनामा १२ जना घाइते भएका छन्।

मोरङको उलाबारी राजघाटबाट कन्याम बनभोज खाएर फर्कदै गरेको टोली सवार बस रोङ गाउँपालिका-३ कोल्बुङमा शनिबार अपरान्ह ४ बजे दुर्घटनामा परेको हो। को१ख ५३३८ नम्बरको बस दुर्घटना भएको हो। घाइतेको झापाको वीएण्डसी अस्पतालमा उपचार भइरहेको प्रहरी चौकी हर्कटेका प्रहरी सहायक निरीक्षक अनोज शाक्यले बताए।



स्थानीय युवाले देउसीभैलो खेलेर संकलन गरेको रकमबाट कन्याममा बनभोजको लागि आएका थिए। देउसीभैलो समूहले बनभोजको लागि इलाम को कन्याम पुगेर फर्कने क्रममा दुर्घटना भएको हो। को१ख ५३३८ नम्बरको बस दुर्घटना भएको हो।

दुर्घटनामा परी घाइते सुरज पोमू, निर्मल बराल, सन्तबहादुर लिम्बू, अनिल लिम्बू, पदम लिम्बू, रवि बस्नेत, भीम लिम्बू लगायत घाइते भएका छन्। उनीहरुलाई उपचारको लागि झापा पठाइएको प्रहरी

(बाँकी अन्तिम पृष्ठमा)

## अतिक्रमण गरेको भूमिमा विद्यार्थीले फहराए राष्ट्रिय झण्डा

**इलाम, कात्तिक ३०।** अनेरास्ववियु इलामका नेता तथा कार्यकर्ताले इलामको सन्दकपुरमा भारतद्वारा अतिक्रमित भूमिमा नेपालको राष्ट्रिय झण्डा फहराएका छन्।

सन्दकपुर गाउँपालिका वडा नं. ४मा भारतले अतिक्रमण गरेको भूमिमा अनेरास्ववियु इलाम जिल्ला कमिटीका नेता तथा कार्यकर्ताले भारतीय सीमा सुरक्षा बल एसएसबीसँग प्रतिकार गरी शनिवार नेपालको राष्ट्रिय झण्डा फहराएका हुन्।

अनेरास्ववियु केन्द्रीय सदस्यद्वय रवीन्द्र सुवेदी र सन्धीभक्त शंकरको नेतृत्वमा भारतद्वारा अतिक्रमित भूमिमा नेपाली राष्ट्रिय झण्डा फहराउन शुक्रबार नै अनेरास्ववियुको टोली सन्दकपुर पुगेको सुवेदीले जानकारी दिए।

टोलीमा अनेरास्ववियु इलामको नेताहरु प्रबेश पराजुली, नयन राई, मनिष लिम्बू उषा लिम्बू, बिप्लव थापा, खेमसागर खनाल, दिनेश ढकाल, सुशान्त चापागाईं, मुना धिताल, प्रविन सुवेदी, शेखर तिम्सिना, एमवी गुरुङ, सनम राई, विशाल कार्की, नारायण पोखेल, युवा संघ नेपाल इलामको निवर्तमान अध्यक्ष अरुण बराल लगायत रहेका थिए।

केही समय अगाडि गाउँपालिकाले निर्माण शुरू गरेको भ्यू टावरलाई निर्माण अवरूद्ध गरी भारतले कब्जा गरेको थियो। सुवेदीले भने- 'भ्यू टावरको काम अगाडि बढाउन त दिएनन्, त्यहाँ प्रवेश निषेधको बोर्ड राखेका रहेछन् भारतीय सीमा सुरक्षा बलले।' अनेरास्ववियुका विद्यार्थीले

(बाँकी अन्तिम पृष्ठमा)


## फ्ल्याट भाडामा

बिर्तामोडस्थित भद्रपुर रोड माछापुछ्रे बैंक भएको घरको 1200 Sqft. क्षेत्रफल भएको तेस्रो तला कन्सल्टेन्सी, इन्स्योरेन्स या वित्तीय संस्थाको लागि उपयुक्त फ्ल्याट भाडामा छ।

सम्पर्क: ०२३-५४३२४८, ९८०४९९९६९५


## विश्वकर्मा समाजद्वारा खानेपानीको व्यवस्था



**झापा, कात्तिक ३०।** सरकारको पूर्व निर्धारित 'पर्यटन भ्रमण वर्ष २०२०' मनाउने तयारी गरिरहेका बेला धार्मिक तथा पर्यटकीयस्थल सताक्षीधाममा आयोजित धार्मिक महोत्सव एवम् १०८ कुण्डीय कोटिहोममा सहभागिता जनाउनेको संख्या दिन प्रतिदिन बढ्दो छ।

कात्तिक २७ गतेदेखि मंसीर ९ गतेसम्म हुने धार्मिक महोत्सवमा नेपालसहित विभिन्न देशका नेपाली भाषीले धामको अवलोकन गर्दै महोत्सवमा सहभागिता जनाएका छन्।

महोत्सवमा नेपाल, भारत, सिंगापुर, अमेरिका, जर्मन, मालदिम्स, अफ्रिका, भुटान, वर्मा, लगायतका देशबाट समेत हिन्दू धर्मावलम्बी ठूलो संख्यामा सहभागी हुने आयोजक समितिका अध्यक्ष तथा जिल्ला समन्वय समितिका प्रमुख सोम पोर्तेलले जानकारी दिए।

अध्यक्ष पोर्तेलले नेपालका कम्तीमा ५ लाख र विदेशका २० हजार पर्यटकले

(बाँकी अन्तिम पृष्ठमा)


## VACANCY ANNOUNCEMENT

**Balmiki Education Foundation** a reputed school of Eastern Nepal is looking forward to appoint teachers for the following subject/post.

| S.N. | Post | Nos. | Qualification | Experience |
|---|---|---|---|---|
| 1. | Primary Incharge | 01 | Masters/ Bachelor | 5 yrs |
| 2. | Class Two (Grade) | 01 | Bachelors | 3 yrs |
| 3. | Pre-Primary (Grade) | 01 | Bachelors | 3 yrs |
| 4. | Foreign Language (French) | 01 | Basic | |
| 5. | ABACUS | 01 | Basic | |
| 6. | Activity (Pre-primary) | 01 | Active and Should be able to teach Rhymes, Conversation etc. | |

Applicants must have a pleasant personality and be ready to upgrade and update according to the need of the school. Command in spoken and written English is a must. If you want to build your career in the Education field than please come along with your CV and meet us in Balmiki school during school hours within **5th of Mangsir.**


**Balmiki Education Foundation**

Birtamode-1, Jhapa (023-542820/ 9804952506)




# चार वर्षमा पनि बनेन पुल

**पार्थ मण्डल**



**भद्रपुर, कात्तिक ३०।** मेची नदी छेउमै रहेको १११ र ११२ पिलरले नेपाल-भारतको सीमा छुट्याएको छ । सीमा छुट्याएको मेची नदी झापाको कचनकवल गाउँपालिका-५स्थित पाठामारीमा पर्छ । नदीमा झोलुङ्गे पुल बन्दै छ भन्ने कुरा स्थानीयका लागि एकादेशको कथा जस्तो भइसकेको छ ।

चार वर्षअघि अर्थात् वि.सं. २०७२ सालमा ठेक्का लागेको झोलुङ्गे पुल अलपत्र अवस्थामा छाडेर निर्माण कम्पनी फरार भएका छन् । निर्माण कम्पनीले मेची नदीको वारिपारि दुई वटा पिलर गाडेको छ । अधुरो पिलर गाडेका निर्माण कम्पनीका ठेकेदार अहिले सम्पर्कविहीन बनेका छन् । मेचीमा पुल नबन्दा स्थानीय शुल्क तिरेर नदी तर्न बाध्य छन् । त्यहाँका बासिन्दा भारतीय बजारमै आत्मनिर्भर छन् ।

भारतको विहार राज्यस्थित किसनगञ्ज जिल्लामा पर्ने ठाकुरगञ्ज र धोबीभिट्टा बजारमै त्यहाँ लगायत कचनकवलका अधिकांश उपभोक्ता सरसामान खरिदका लागि दिनहुँ जाने गरेका छन् । तर, स्थानीयलाई भारत आवतजावत गर्न निकै समस्या छ । बर्खायाममा डुङ्गा (नाउ) र हिउँदमा अस्थायी बाँसे पुलको प्रयोग गर्दा स्थानीयले शुल्क तिर्नुपर्ने हुन्छ ।

सरकारले चार वर्षअघि दुवै देशका नागरिकको सेवा सुविधालाई लक्षित गरी पाठामारी-धोबीभिट्टा नाका जोड्ने मेचीमा झोलुङ्गे पुल निर्माणको प्रक्रिया शुरु गऱ्यो र ठेक्का पनि लगायो । तर, ठेक्का लिएका ठेकेदारको चरम लापरबाहीले अहिलेसम्म त्यहाँ झोलुङ्गे पुल बन्न सकेको छैन । पुल निर्माणपछि दीर्घकालीन समस्या टर्ने स्थानीयको मनमा ठूलो आशा जागेको थियो, तर त्यो आशा कहिले पूरा हुन्छ भन्नेमा त्यहाँका स्थानीय र जनप्रतिनिधि आफै अनिश्चित देखिएका छन् । निर्माणस्थलमा कामदारको लागि टहरा बनाइएको थियो ।

तर, टहरा कोही छैन । निर्माणस्थलमा पुलको बजेट उल्लेख गरिएको बोर्ड समेत छैन । बोर्ड नहुँदा पुलको लागत बजेट, इस्टीमेट, समय अवधि त्यहाँ स्थानीय नभई गाउँपालिकाका अध्यक्ष अञ्जार आलमलाई समेत थाह छैन । पुल नबन्दा दुवै देशका नागरिकले सास्ती झेल्दै आइरहेको गाउँपालिकाका अध्यक्ष आलमले बताए । 'निर्माण कम्पनीका ठेकेदारको लापरबाहीका कारण पुल अहिले बन्न सकेन'- अध्यक्ष आलमले भने- 'निर्माण कम्पनी अहिलेसम्म गाउँपालिकामा सम्पर्क गरेको छैन, हाम्रो भेटघाट पनि भएको छैन, फोनमा एक दुईपटक कुराकानी मात्र भएको हो ।' यसको इस्टीमेटसहित बजेट विवरण माग्दा समेत ठेकेदारले उपलब्ध नगराएको उनको भनाइ छ । 'नदीमा झोलुङ्गे अलपत्र अवस्था रहेको भन्दै दुई महिनाअघि काठमाडौं पुगेर पुल हेर्न विभागमै जानकारी गराइसकेको छौं'- उनले भने- 'त्यही पनि पुल बनाउने कहीँ कतैबाट अहिलेसम्म चासो देखाएको छैन ।'

**जिल्लामा झोलुङ्गे पुल हेर्न निकाय नै छैन**

संघीय सरकार मातहत ठेक्का लागेको झोलुङ्गे पुल हेर्न आधिकारिक निकाय झापामा छैन । मेची नदीमा निर्माणाधीन अवस्थामा रहेको दुई वटा पुल बनाउने निर्माण कम्पनी एउटै हो । भद्रपुर-३स्थित मेचीपारि र कचनकवल-५स्थित पाठामारीमा निर्माणाधीन अवस्थामा रहेको झोलुङ्गे पुल निलगिरी सेवा प्रालि बानेश्वर काठमाडौंले लिएको हो ।

अहिले दुवै पुल अलपत्र अवस्थामा छाडिएको छ । निर्माण व्यवसायी युवराज डाँगीले पुलको ठेक्का लिएका हुन् । तत्कालीन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत दुवै पुलको ठेक्का लगाइएको हो । मेचीपारिको जोडने झोलुङ्गे पुलको ठेक्का २०७२ भदौ ७ गते लागेको थियो । पाठामारीको झोलुङ्गे पुल त्योभन्दा ६ महिना अघि ठेक्का लागेको जनाइएको छ । दुई वटै पुलको समय अवधि दुई वर्ष बढी नाघिसकेको छ ।

एउटा पुलको बजेट साढे दुई करोडभन्दा बढी कर्मचारी स्रोतले जनाएको छ । तत्कालीन जिल्ला प्राविधिक कार्यालयका प्रमुख इञ्जिनियर हाल एक नम्बर प्रदेश पूर्वाधार विकास कार्यालय विराटनगर इञ्जिनियर सुशील श्रेष्ठका अनुसार संघीय सरकार मातहत ठेक्का लागेको झोलुङ्गे पुल हेर्न निकाय झापामा नरहेको बताए । संघीय संरचनामा जानुभन्दा अघि लागेको झोलुङ्गे पुल संघीय सरकारले हेर्दै आइरहेको उनले बताए ।

झापामा निर्माणाधीन अवस्थाका झोलुङ्गे पुलहरू सस पेन्सन ब्रिज डिभिजन काठमाडौंको जिम्मा छ । 'ब्रिज डिभिजनले नै मेची नदीमा निर्माणाधीन अवस्थामा रहेको पुलको विवरण दिन सक्छ'- उनले भने- 'झापाबाट यसको विवरण पाउन सकिँदैन ।'

यता पूर्वाधार विकास कार्यालय झापाका प्रमुख रमेश श्रेष्ठका अनुसार प्रदेश सरकार मातहतका लागेको झोलुङ्गे पुलको विवरण दिन सकिन्छ । 'पहिला ठेक्का लागेका झोलुङ्गे पुलको विवरण झापामा भेटिँदैन'- उनले भने- 'यसका लागि काठमाडौंमै सम्पर्क गर्नुहोस् ।' जिल्लामा आधिकारिक अनुगमन गर्ने निकाय नहुँदा पुल बनाउने निर्माण कम्पनीको लापरबाही बढेको हो । यस्ता ठेकेदारलाई कालोसूचीमा राखेर कारबाही नगरेसम्म अधुरो निर्माण कार्य पूरा नहुने स्थानीय बताउँछन् ।

**नदी तर्दा स्थानीय तिर्छन् शुल्क**

नदीमा झोलुङ्गे निर्माण कार्य अलपत्र हुँदा डुङ्गा र अस्थायी बाँसे पुल ठेकेदारलाई कमाई खाने भाडो बनेको छ । बर्खायाममा डुङ्गा (नाउ) चलाउने र हिउँदमा अस्थायी बाँसे पुल बनाउने ठेकेदारले मेची नदी तर्दा स्थानीयबाट शुल्क उठाउने गरेको पाइएको छ । गाउँपालिकाबाट ठेक्का लिएर ठेकेदार सो रकम स्थानीयबाट असुल्ने गरेको स्थानीय स्वयम् बताउँछन् । बाँसे पुल चढ्ने मान्छेबाट ५ रुपैयाँ, साइकलबाट १० रुपैयाँ, मोटरसाइकलबाट २० रुपैयाँ रकम असुल्दै आइरहेको छ । ठेकेदार जलाल मिया (भाङ्गी) ले गाउँपालिकाबाट ४ लाख २० हजारमा बाँसे पुलको ठेक्का लिएको जनाइएको छ । बर्खामा नदीमा डुङ्गा चलाउँदा पनि ठेकेदारले सोही बराबरको रकम असुल्दै आइरहेको स्थानीय भुवेन्द्र गणेशले बताए । 'नदीमा पुल नबन्दा स्थानीय शुल्क तिर्न बाध्य छन्'- उनले भने- 'पुल बनेको भए यस्तो समस्या हुँदैन थियो, खै कहिले बनाउँछ ठेकेदारले पुल ।'

**गतबर्ष निःशुल्क गर्ने गाउँपालिकाले यसबर्ष ठेक्का लगायो**

अघिल्लो आर्थिक वर्ष २०७५/०७६मा मेची नदीमा दुई वटा अस्थायी बाँसे पुल बनेको थियो । एउटै नाकामा दुई वटा अस्थायी बाँसे पुल बन्दा कसैले शुल्क उठाउन पाएन । दुई वटा पुल बनेपछि त्यहाँका स्थानीयलाई फाइदै भयो । 'दुई वटा पुल हुँदा स्थानीयले पैसा तिर्नु परेको थिएन'- स्थानीय इस्माईल मियाले भने- 'यसबर्ष गाउँपालिकाले ठेक्का लगाउँदा पैसा तिर्नुपर्दैछ ।' गतबर्ष नदीमा दुई वटा अस्थायी बाँसे पुल बन्नुको पछाडि व्यक्तिगत रिसइबी भएको स्थानीय शेर आलमले बताए । उनका अनुसार मेची नदीमा एउटा पुल भारतीय भूमिमा बनेको थियो भने अर्को पुल नेपाली भूमिमा बनेको थियो । बर्खायाम डुङ्गा र हिउँदमा बाँसे पुल राखे स्थानीय मोहम्मद मैनुदिन मिया र जलाल मिया (भाङ्गी) ले स्थानीयबाट रकम असुल्थे । दुवै जना नेपाली नागरिक हुन् । दुवै जना मिलेर बर्षौं सम्मसँगै डुङ्गा र बाँसे पुलको कारोबार गरे । तर, गतबर्ष मो. मैनुदिन मियाले बाँसे पुल निर्माण गर्दा जलाल मियालाई पार्टनरमा राखेनन् । मैनुदिनले बाँसे पुल बनाएर स्थानीयबाट ५देखि १५ सम्म रकम असुल्न थालेपछि दुवै जनाबीच आपसी विवाद बल्झियो । विवाद बल्झिएपछि जलालले भारतीय पक्षसँग मिलेर नदी बग्ने भारततर्फको भू-भागमा बाँसे पुल बनाएर निःशुल्क सेवा दियो । एउटा पुलमा पैसा उठाउने र अर्को पुल निःशुल्क हुँदा झन् विवाद सृजना भयो । अन्ततः कचनकवल गाउँपालिकाले मैनुदिनलाई पुल बनाए बापत ८० हजार भुक्तान गरेपछि दुवै बाँसे पुल निःशुल्क भएको स्थानीय आलमको भनाइ छ ।

**विवाहका लागि गाउँमा केटाकेटी पाउन छाडिसक्यो**

विकासले समेतपछि परेका पाठामारी गाउँमा मुस्लिम र राजवंशी समुदायको बसोबास बाक्लो छ । उनीहरू सरसामान खरिददेखि पारिवारिक सम्बन्ध गाँस्न पनि भारतकै भर पर्छन् । 'पाठामारी लगायत कचनकवल गाउँ आसपासका केटाकेटीको विवाहको प्रस्ताव लिएर भारत जाँदा त्यहाँका परिवार केटाकेटी नेपालमा पठाउन नै चाहँदैन, स्थानीय मोहम्मद खैरुदीन भने- मेची नदीको समस्याले गर्दा उनीहरू छोराछोरी दिन छाडिसके, जसले गर्दा भारतसँगको पारिवारिक सम्बन्ध टाढियो । बर्खामा डुङ्गा र हिउँदमा बाँसे चढेर जानु पर्ने बाध्यताको अन्त्य नहुँदा गाउँवासीको समस्या यस्तै हुन्छ- उनले दुःखेसो पोखे । निर्माणाधीन झोलुङ्गे पुलको अवस्था हेर्दा पनि कहिले बन्ला ? भोटको बेला नेता तथा कार्यकर्ता गाउँ आउँछ, त्यसपछि फेरि जस्ताको त्यस्तै, उनले भने ।

# राजपा झापामा अनुपसिंह




**बिर्तामोड, कात्तिक ३०।** राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) को अध्यक्षमा अनुपसिंह राजवंशी चयन भएका छन् । बिर्तामोडमा भएको अधिवेशननबाट राजवंशी अध्यक्षमा चयन भएका हुन् ।

समितिको वरिष्ठ उपाध्यक्षमा राजकुमार महत्तो र सुन्दरलाल साह चयन भएका छन् भने वरिष्ट नेतामा सन्तोषकुमार गणेश चयन भएको सचिव देवेन्द्रकिशोर ढुङ्गानाले जानकारी दिए ।

समितिको उपाध्यक्ष खड्गवहादुर खड्का, खड्गनारायण राजवंशी, मेरी राजवंशी, कालेश्वर राजवंशी रहेका छन् भने सचिवमा ढुङ्गाना र सह सचिवमा श.कर मेचे, कृष्णप्रसाद थपलिया चयन भएका छन् । त्यस्तै कोषाध्यमा सुस्मिता देवी साह, पार्टी प्रवक्तामा प्रभुनारायण यादव सहित ७१ सदस्यीय समिति चयन भएको हो ।

राजपाका अध्यक्ष मण्डलका संयोजक राजकुमार महतोको अध्यक्षतामा भएको अधिवेशनको उद्घाटन पार्टीका केन्द्रीय प्रवक्ता अमरेन्द्र कुमार साहले गरेका थिए ।

पार्टीका जिल्ला सदस्य सन्तोषकुमार गणेशले स्वागत गरेको कार्यक्रममा पार्टीका केन्द्रीय उपाध्यक्ष विश्वनाथ सिंह राजवंशी, केन्द्रीय सदस्य मोहितलाल कामती, त्रिनारायण राजवंशी, अनुपसिंह रााजवंशी, पार्टीका अध्यक्ष मण्डलका सदस्य सूर्यनारायण गणेश लगायतले बोलेका थिए ।

# प्रथम बहुउद्देश्यीयमा नयाँ नेतृत्व

**विर्तामोड, कात्तिक ३०।** प्रथम बहुउद्देश्यीय सहकारी संस्था बिर्तामोड-४को अध्यक्षमा टीकाराम पाण्डे चयन भएका छन् ।

संस्थाको सातौं वार्षिक साधारणसभाले पाण्डेको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । नवगठित समितिको उपाध्यक्ष चेतनाथ उप्रेती रहेका छन् भने सदस्यहरुमा डिल्लीराम चिमरिया, लक्ष्मीप्रसाद मैनाली, बिष्णु खरेल, प्रेमकुमारी मैनाली, रुकमणि पौडेल रहेका छन् ।

त्यस्तै लेखा समितिको संयोजकमा किरणरत्न भण्डारी, सदस्यहरुमा राज श्रेष्ठ र तेजराज मैनाली रहेका छन् । प्रथम बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष टीकाराम पाण्डेको अध्यक्षता तथा झापा जिल्ला सहकारी संघका अध्यक्ष गणेश ढकालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उपाध्यक्ष चेतनाथ उप्रेतीले स्वागत गरेका थिए । कार्यक्रममा संस्थाका सल्लाहकार खडानन्द गुरागाईं, कचनकवल-६का वडाध्यक्ष कूलबहादुर कार्कीलगायतले शुभकामना दिएका थिए ।

कार्यक्रममा संस्थाका अध्यक्ष पाण्डेले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । संस्थाको शेयर सदस्य आठ हजार तीन सय ९१ जना , कूल शेयर पूँजी दुई करोड ३१ लाख ६६ हजार चार सय, बचततर्फ १५ करोड १७ लाख ७४ हजार ७ सय १८ रुपैयाँ ५७ पैसा, कर्जा लगानी १६ करोड ११ लाख ३५ हजार एक सय ६४ रुपैयाँ, नाफा २० लाख ५७ हजार ६ सय ७३ रुपैयाँ ७८ पैसा रहेको छ ।

कार्यक्रममा शिवगञ्ज सेवा केन्द्रबाट उत्कृष्ट ऋणीमा तेजबहादुर लामगादे, उत्कृष्ट खुत्रुके बचतकर्तामा अशियन राई, उत्कृष्ट नारी बचतमा साउलीसरी ताजपुरिया, उत्कृष्ट नियमित बचतमा श्रीप्रसाद राजवंशीलाई सम्मान गरिएको थियो । शरणमती सेवाकेन्द्रमा उत्कृष्ट खुत्रुके बचतमा राशि उप्रेती, उत्कृष्ट नारी बचतमा वाहा हस्दा, उत्कृष्ट नियमित बचतमा विमला विश्कर्मालाई सम्मान गरिएको थियो ।

राजगढ सेवाकेन्द्रमा उत्कृष्ट ऋण कारोवारमा अलि एकवर, उत्कृष्ट खुत्रुके बचतकर्तामा सुजिता चौधरी, उत्कृष्ट नारी बचतमा अमृताकुमारी गणेश, उत्कृष्ट नियमित बचतमा तनवीर आलमलाई सम्मान गरिएको थियो । घैलाडुब्बा सेवा केन्द्रमा उत्कृष्ट ऋण कारोवारमा सन्तबहादुर वराइली, उत्कृष्ट खुत्रुके बचतकर्तामा सुरेखा चौधरी, उत्कृष्ट नारी बचतमा गोमादेवी मैनाली, उत्कृष्ट नियमित बचतमा पवित्रा चापागाईलाई सम्मान गरिएको थियो ।

सगरमाथा सेवा केन्द्रमा उत्कृष्ट ऋण कारोवारमा टंकमाया कार्की, उत्कृष्ट खुत्रुके बचतकर्तामा सरस्वती थापा मगर, उत्कृष्ट नारी बचतमा विष्णुमाया गिरी, उत्कृष्ट नियमित बचतमा कूलबहादुर कुमाल प्रधानलाई सम्मान गरिएको थियो । बनियानी सेवाकेन्द्रमा उत्कृष्ट ऋण कारोवारमा गंगादेवी मैनाली, उत्कृष्ट खुत्रुके बचतकर्तामा कृष्णमाया बुढाथोकी, उत्कृष्ट नारी बचतमा मञ्जु रेग्मी भट्टराई, उत्कृष्ट नियमित बचतमा जीवनप्रसाद ढुङ्गानालाई सम्मान गरिएको थियो ।

त्यसैगरी बिर्तामोड सेवा केन्द्रमा उत्कृष्ट ऋण कारोवारमाभूपालमान श्रेष्ठ, उत्कृष्ट खुत्रुके बचतकर्तामा सुनिता श्रेष्ठ, उत्कृष्ट नारी बचतमा गीता खरेल पकुवाल, उत्कृष्ट नियमित बचतमा केशव दाहाललाई सम्मान गरिएको थियो । त्यस्तै उत्कृष्ट कर्मचारीका रुपमा अर्जुन चम्लागाई, खगेन्द्र मैनाली, मुनादेवी मैनाली, पवित्राकुमारी अधिकारीलाई सम्मान गरिएको थियो । फूलमायाा विक, गोविन्द प्रधान, सुशीलकुमार श्रेष्ठ, नरेशकुमार मिश्र, पुष्कर राई लगायतको आतिथ्य रहेको कार्यक्रमको सञ्चालन संस्थाका सदस्य लक्ष्मीप्रसाद मैनालीले गरेका थिए ।

## विश्वकर्मा ...

महोत्सवको अवलोकन गर्ने अपेक्षा गरिएको बताएका छन् । उनले महोत्सवबाट समाजमा धार्मिक सहिष्णुता कायम हुने, कानूनद्वारा नै जातीय भेदभावको अन्य भएको त्यसलाई व्यवहारिकतामा लान समेत सहज हुने बताएका छन् ।

धार्मिक पर्यटनका हिसाबले झापालाई चिनाउन समेत महोत्सवले सहयोग पुऱ्याउने उनको बुझाइ छ । झापा धार्मिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण मानिएको जिल्ला मध्येको एक हो झापा- उनले भने- यहाँ थुप्रै ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्र छन्, त्यसमा पनि यो क्षेत्रको छुट्टै महत्व छ, त्यसलाई यो महोत्सवले अझ पछिल्लो पुस्तालाई बुझाउन सहज हुन्छ । धार्मिक महोत्सवमा श्रीमद् देवीभागवत् कथा बाचन भइरहेको पीठाधीश आचार्य नन्दकिशोर भारद्वजले जानकारी दिए ।

यसैबीच महोत्सवमा आउने भक्तजनका लागि विश्वकर्मा एकता समाजले शुद्ध खानेपानीको व्यवस्था गरेको छ । महोत्सव परिसरमा नै पिउने पानीको स्टल राखेर आउने आगन्तुकलाई पानी उपलब्ध गराउँदै आएको समाजका १ नम्वर प्रदेश अध्यक्ष गोपाल लकान्द्रीले बताए ।

समाजका प्रदेश उपाध्यक्ष गोपाल लुवागुनले महोत्सवमा पानीको अभाव भएपछि सहज रुपमा पानी खान सक्ने व्यवस्था मिलाएको बताएका छन् । उनले सदिऔंदेखि उत्पीडनमा परेका आफूहरुले यसखाले महोत्सवमा पानी वितरण गर्न र सबैलाई शुद्ध पानी पुऱ्याउन सक्ने व्यवस्था मिलाएको प्रति आयोजक समितिलाई धन्यवाद समेत दिएका छन् ।

त्यस्तै समाजका १ नम्वर प्रदेश सचिव गोपाल लकान्द्रीले महोत्सवलाई सफल बनाउन आफ्नो समाजको तर्फबाट सहयोग पुऱ्याएको बताएका छन् ।

## दुर्घटनामा ...

चौकी हर्कटेले जनाएको छ । बस सडकबाट करिब १० मिटर तल अम्लिसो बारीमा झरेको छ ।

त्यस्तै इलामको नेपालटारमा भएको मोटरसाइल दुर्घटनामा २ जना घाइते भएका छन् । इलामबाट राँकेतर्फ जाँदै गरेको मोटरसाइकल मेचीराजमार्गस्थित नेपालटारमा गोलाइबाट उछिट्टिएर घरको छानामा पुगेको हो ।

मोटरसाइकलमा सवार सशस्त्र प्रहरी जवानद्वय सुनसरी महेन्द्रनगरका इन्द्र बस्नेत र इलाम राँकेका पहलमान मगर घाइते भएका छन् । दुर्घटनास्थलबाट उनीहरुको उद्धार गरी उपचारका लागि इलाम अस्पताल पुठाइएको नेपाली कांग्रेस इलामका कोषाध्यक्ष विष्णु कार्कीले जानकारी दिए ।

तीव्र गतिमा रहेको मोटरसाइकल ट्रनिङ्ग काट्न नसकेर उछिट्टिएको अनुमान गरिएको छ । पहाडी बाटो भएकाले मेची राजमार्गमा धेरै गोलाइहरु (टर्निङ्गहरु) रहेका छन् । धेरै समय अगाडि बनेको उक्त बाटो पनि साँघुरो छ भने एकपटक बनेपछि उक्त बाटोको चौडाइ बढाउन कहिँ कतैबाट अग्रसरत भएको देखिँदैन ।

## अतिक्रमण ...

भारतद्वारा निषेधित क्षेत्र भनेर लेखिएको बोर्डसमेत फालिदिएको उनले बताए । सन्दकपुर गाउँपालिकाले सूर्योदयको दृश्यावलोकनका लागि भ्यू टावर बनाउन लागेको बताउँदै सुवेदीले भने- 'शनिवार बिहान पनि केही पर्यटकहरुलाई उक्त क्षेत्रमा प्रवेश गर्न दिएनन् । हामी हेरिरहेका थियौं ।'

सो कव्जा गरेको जमिनमा अनेरास्ववियुले नेपालीको राष्ट्रिय झण्डा फहराउन खोज्दा एसएसबीले वल प्रयोग गरेपछि सामान्य झडप समेत भएको थियो । 'उक्त अतिक्रमित क्षेत्रमा एकजना मात्र एसएसबीका जवान थिए पहिला'- केन्द्रीय सदस्य सुवेदीले भने- 'हामीलाई तर्साउन अलि ठूलो समूह आयो । उनीहरुले ढुंगा मुडा पनि गरे । हामीले प्रतिकार गऱ्यौं र हाम्रो राष्ट्रिय झण्डा फहरायौं ।' कव्जा गरिएको जमिनमा राष्ट्रिय झण्डा फहराएपछि विद्यार्थीले नाराजुलुस समेत गरेका थिए । घटना भएको केही समयपछि ३० किलोमिटरभन्दा बढी दुरीमा रहेको पशुपतिनगरको सीमा सुरक्षा बल सन्दकपुर पुगेको थियो । सीमा सुरक्षा बल पशुपतिनगरमा प्रमुख पवन खड्काले विद्यार्थीको कार्यक्रममा एसएसबीले अवरोध गर्दा सामान्य घम्साघम्सी भएपछि ठूलो क्षति भने नभएको बताए ।


## होटल विक्रीमा

बिर्तामोडको नयाँ बसपार्क एरियामा रहेको होटल (खाजाघर) विक्रीमा रहेकाले लिन चाहने व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
सम्पर्कः ९८१६९८१०१७

## जग्गा विक्रीमा

शनिश्चरे बजार हुँदै कुशल चौकबाट एक सय मिटर दक्षिण, ३३ फुट मुख भई पूर्व फर्केको, ४० फुटे बाटोले छोएको डेढ कट्ठा जग्गा अत्यन्त सस्तो मूल्यमा विक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।
मो. ९८४२६५५९५०/९८०४९६९९९०

**श्री गौरवशाली बचत तथा ऋण सहकारी संस्था लि., विर्तामोड-५, झापा**
फोनः- ०२३-५४०५३७

## साधारणसभामा उपस्थिति हुने बारेको सूचना

श्री गौरवशाली बचत तथा ऋण सहकारी संस्था लि. को संस्थाको १०औं वार्षिक साधारण सभा आयोजना गरिने भएको हुँदा तपशील बमोजिमको मिति, समय र स्थानमा तपाईंको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**तपशील**
**साधारणसभा कार्यक्रम**
मिति : २०७६/०८/०७ (शनिबारको दिन)
समय : विहान ७:३० बजेदेखि
स्थान : दोमुखा (पर्यटकीय क्षेत्र)
नोट : साधारणसभासँगै बनभोज कार्यक्रम पनि रहेको हुँदा समयमा नै उपस्थित भइ सहयोग गरिदिनुहोला । सवारी साधन नहुने सदस्यहरुलाई सवारीको व्यवस्था गरिएको हुँदा संस्थाको कार्यलयमा विहान ७:३० सम्ममा उपस्थित भइदिनुहुन अनुरोध गरिन्छ ।

## कर्मचारी आवश्यकता

बिर्तामोड नपामा अवस्थित एक प्रतिष्ठित कम्पनीका लागि बिर्तामोड नपाभित्र नै मार्केटिङ गर्न सक्ने २ जना महिला कर्मचारीको आवश्यकता परेको हुँदा +२ पढेका वा पास गरेको इच्छुक नेपाली नागरिकले तु-सम्पर्क गर्नुहोला ।
**तलबः** आपसी समझदारीमा, आकर्षक
**आवश्यक कागजातः** शैक्षिक योग्यताको प्रमाणपत्र र नेपाली नागरिकताको प्रतिलिपि, अनुभवको प्रमाणपत्र भए पेश गर्न सकिनेछ ।
विहान ८ बजेदेखि दिउँसो ५ बजेसम्म सम्पर्क गर्न सकिनेछ ।
सम्पर्कः ०२३-५४०३३५

## GREEN FIELD WORLD SCHOOL

**GREEN FIELD WORLD SCHOOL** an English medium day boarding school seeks qualified teachers for the following post.

| S.N. | Level | Subject. | Qualification |
|---|---|---|---|
| 1. | Primary | Nepali | Bachelors degree |
| 2. | L. Secondary | Nepali | Bachelors degree |
| 3. | L. Secondary | Science/Maths | Bachelors degree |
| 4. | Sports/Music | – | – |

Candidates having at least 2 years of teaching experience with excellent command over written and spoken skills are requested to apply with a hand written application, complete CV, academic credentials and pp size photo to the school office by **5th of Mangsir 2076.**

*For details :* **Green Field World School**
Charpane-1, Birtamode, Jhapa ( Ph No: 023- 542208)

## कर्मचारी तु-चाहियो

पञ्चकन्या हुँदै प्रोभिडेन्स कलेज, कृष्ण हल, मुक्तिचोक, महेन्द्र शोरुम पूर्व, कृषिथोक, शनिश्चरे लाइन तथा लक्ष्मीपुरबाट दुर्गापुर, सिमसार, कालिमुढा हुँदै चम्पापुरसम्म पत्रिका वितरण गर्न कर्मचारी आवश्यकता भएकाले तु-सम्पर्क गर्नुहोला ।
**मोटरसाइकल हुनुपर्नेछ । तलबः १०,०००+ बोनसले गाडी मेन्टेन गर्न सकिनेछ ।**
सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७३

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# स्थानीय पाठ्यक्रमको महत्व

**झापा जिल्लाका विर्तामोड नगरपालिकाले आफ्नो नगरपालिकाभित्रका विद्यालयहरुमा बालबालिकालाई दैनिक व्यवहारसँग सम्बन्धित विषयवस्तुहरु, विशेषतः आचरण, बालबालिकाको व्यक्तित्व विकास, स्वास्थ्य, भोजन, वातावरण, यातायात र सञ्चार प्रविधि सम्बन्धी ज्ञान, सीप र सकारात्मक व्यहार परिवर्तन गर्न सचेतना शिक्षाको आवश्यकता महशुस गरी स्थानीय पाठ्यक्रम निर्माण गरेको छ । त्यसरी नै कनकाई नगरपालिका, दमक नगरपालिका लगायत देशैभरिका स्थानीय तहले स्थानीय पाठ्यक्रम र सो अनुरुप पुस्तक प्रकाशनको कामलाई अघि बढाइरहेका छन् । स्थानीय आवश्यकताका विषयवस्तु त्यहाँका नागरिकको अपनत्व हुने गरी स्थानीय ज्ञान, सीप र प्रविधिलाई समेटी विकास गर्ने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । यसमा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तु हुनु पर्दछ । स्थानीय पाठ्यक्रमलाई शैक्षिक विकेन्द्रीकरणको महत्वपूर्ण खुड्किलाका रुपमा पनि लिन सकिन्छ । केन्द्रबाट तय हुने पाठ्यक्रमले स्थानीय संस्कृति, जनजीवन, भूगोल लगायतका पक्षलाई समेट्न सक्दैन भन्ने मान्यताका आधारमा स्थानीय पाठ्यक्रमको अवधारणा आएको हो ।**

**नेपालको सन्दर्भमा पाठ्यक्रम तयार पार्दा स्थानीय आवश्यकताको अवधारणालाई आत्मसात गर्नुपर्ने खाँचो छ । नेपालको संविधानको शिक्षा तथा भाषा तथा संस्कृति सम्बन्धी हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच, मातृभाषामा शिक्षा पाउने तथा मातृभाषा प्रयोग गर्ने, सांस्कृतिक जीवनमा सहभागी हुने, भाषा, लिपी, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने कुरा उल्लेख गरिएको छ । विद्यालय तह (कक्षा १२) सम्मको शिक्षाको अधिकार स्थानीय सरकार मातहत व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐनले स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रबर्द्धन र स्तरीकरण गर्ने अधिकार उल्लेख गरेको छ । शिक्षाको दीर्घकालीन सोचमा स्थानीय सीप, व्यवसाय, पेसा, स्रोतसाधनको महत्व र आवश्यकता पहिचान गरी विकास गर्न पाठ्यक्रममा स्थानीय विषयवस्तुलाई स्थान दिने उल्लेख गरिएको छ ।**

**व्यावसायिक क्षेत्रहरु कृषि, पंक्षी तथा पशुपालन, उद्योग, पर्यटन, जडिबुटी, व्यापार, आयआर्जनका क्षेत्रहरु, भूगोल, इतिहास, पुरातत्व, धर्म, जातजाति, भाषाभाषी, सामाजिक संघ–संस्था, शासन व्यवस्था, शिक्षा, स्वास्थ्य र सरसफाइ, योग र प्राकृतिक चिकित्सा, प्रकृति र वातावरण संरक्षण, सूचना तथा सञ्चार प्रविधि, खेलकुद, कला, संगीत, स्थानीय प्रविधि आदि विषय क्षेत्रलाई समेटी स्थानीय पाठ्यक्रम तयार पारिन्छ । फरक–फरक स्थानमा बस्ने मानिसहरुका आवश्यकता र चाहनाहरु पनि फरक फरक हुन्छन् ती विषयवस्तुलाई समेटी स्थानीय पाठ्यक्रम मार्फत शिक्षण गर्दा समाज अनुकूल विषयवस्तुलाई पाठ्यक्रम मार्फत शिक्षण गर्न, व्यक्ति, समाज तथा स्थानीयस्तरको आवश्यकता परिपूर्ति गर्न, स्थानीय परिवेश अनुसार सञ्चालन भएका चाडपर्व, धर्म संस्कृति, जातजाति, रीतिरिवाज, कलाकौशल, स्थानीय उद्योग, प्राकृतिक स्रोत साधन, कृषि, पर्यटन, पुरातात्विक तथा धार्मिक स्थान, जडिबुटी, अध्यात्मिक शिक्षा, आयआर्जनका क्षेत्रहरुको अधिकतम् उपयोग गर्न र स्थानीय सरोकारवालाहरुको सक्षमता अभिवृद्धि गर्न सकिन्छ । यति महत्वपूर्ण पाठ्यक्रमलाई परम्परागत रुपमा र फगत औपचारिकता मात्र पुऱ्याउन बनाइनु हुँदैन । स्थानीय सरकार यस सम्बन्धमा बढी गम्भीर हुन जरुरी छ ।**

# लिपुलेक लिम्पियाधुरा नेपालकै सरहदभित्रको भाग हो



कृष्णप्रसाद ढकाल

आफ्नो राष्ट्रको आधिकारिक नक्सा बनाउँदा पूर्वमा मेची नदीको पूर्व-उत्तरका सबै अवस्थाको उच्चस्तरीय प्राविधिक टोलीबाट अध्ययन भ्रमण गरी आवश्यक सम्पूर्ण तथ्यहरु संकलन गर्ने र त्यसैगरी पश्चिम-उत्तरी सीमा लिम्पियाधुरासम्म पुऱ्याएर छुटाउन नमिल्ने सबै तथ्यहरुलाई समेटेर निर्माण गर्नु अत्यन्त जरुरी छ।

मार्च ४, १८१६ मा ब्रिटिश इण्डियाले गराएको सुगौली सन्धिको धारा ५ अनुसार 'नेपालका राजा र उनका उत्तराधिकारीहरुले कालीदेखि पश्चिमका प्रदेश र त्यहाँका निवासीहरुसँग भविष्यमा पनि कुनै सम्बन्ध राख्न पाउने छैनन्' भनेर कडाइका साथ नेपाललाई महाकाली पश्चिमतिर हेर्न समेत नपाउने गरी बन्देज लगाएको छ। नेपालले अंग्रेजसँग गर्नुपरेको यो अपमानजनक सन्धिको तुलना जर्मनले वर्षाय सन्धिमा व्यहोर्नुपरेको अपमानजनक सन्धिसँग गर्न सकिन्छ।

जर्मनलाई सन्धिका धाराहरुबारेमा छलफल गर्ने मौका नदिई हस्ताक्षर गर्न बाध्य गराइएको थियो। त्यसैगरी नेपाललाई पनि यो सन्धिपत्रबारे छलफल गर्ने मौका नदिई स्वीकृति दिन बाध्य गराइएको थियो। वर्षाय सन्धि जर्मनमाथि लादिए झैं सुगौली सन्धि पनि नेपालमाथि लादिएको कुरामा दुईमत छैन। दुवै सन्धिका धाराहरु बेग्ला-बेग्लै भए पनि सन्धि गराउने ढाँचा उस्तै थियो। युद्ध नेपालले हारेको थियो। तर, नेपालीको शान र इज्जत भने कम भएको ठानिन्नथ्यो। सुगौली सन्धि भएको निकैपछि ब्रिटिश इण्डियाका गवर्नर जनरल लर्ड डलहौजीले स्पष्टताका साथ भनेका थिए- 'नेपाल भारतीय राज्यको तुलनामा एक पूर्ण स्वतन्त्र बिदेशी राज्य हो, जो न हाम्रो Tributary हो, न कुनै रुपले हाम्रो Sub-ordinate हो।'

सुगौली सन्धिपछि लिम्पियाधुराबाट बगेको नदीलाई काली नदी भनेर ब्रिटिश इण्डियाले बनाएका नक्साहरुबाट धेरै ठाउँमा पुष्टि गरेको छ। जस्तो १ फेब्रुअरी १८२७ मा प्रकाशित १ इन्च बराबर ४ माइलको 'गढवाल कुमाउ' नामक नक्सामा लिम्पियाधुराबाट उद्गम भएको नदीलाई कालीनदी भनी लेखिएको छ। अन्य प्रकाशित नक्सामा पनि काली नदीको उद्गम लिम्पियाधुरा नै देखाएर नदी पूर्वका कुटी, नावी, गुञ्जी, कालापानी, नाभिडाङ, लिपुलेक आदि नेपालभित्रका भनेर उल्लेख गरिएको पाइन्छ। मसिनो तवरबाट सबै प्रमाणहरु संकलन गर्ने हो भने नेपाललाई दाबी प्रस्तुतीमा धेरै मेहनत पनि गर्नुपर्ने देखिँदैन।

हाल भारतद्वारा प्रकाशित नक्सामा काली नदी यथास्थानमै देखाए पनि नदीको नाम भने लेखिएको देखिँदैन, बरु सानो खोल्सीलाई कार्टोग्राफिक चिन्हद्वारा सीमाना नदी भनेर पूरा कालापानी क्षेत्र भारततर्फ देखाउने प्रयास गरिएको छ। यो अभियान सफल भएमा सुगौली सन्धिका बखत एक तिहाई भू-भाग हडपेको इण्डियालाई नेपालको ३७२ वर्गकिलोमिटर भू-भाग, पुनः फाइदा हुने देखिन्छ। तर, यो मार्ग अनुमान लगाए झैं सहज भने छैन, नेपालमा यसको जनस्तरबाटै चर्को रुपबाट चौतर्फी बिरोध हुन थालिसकेको छ।

भारतले अहिले नयाँ नक्सा बनाएर जतातत्तै फिजाउनको तात्पर्यमा नेपालले बनाएको नक्सामा दुर्घटनापूर्ण तरिकाले कालापानी क्षेत्र छाडिएर निर्माण भएकोले पनि हुनसक्ला। फेरि, लिपुलेकको छोटो मार्ग भारतलाई आफ्नो फलाम तथा कच्चापदार्थ सस्तो ढुवानीमा चीनमा पुऱ्याउन र चीनलाई पनि आफ्ना उत्पादित सामग्री ठूलो भारतीय बजारमा सस्तो ढुवानीमा सकेसम्म धेरै परिमाणमा पुऱ्याउन सहज हुने अनुमान गरिएको हुनसक्छ। कालापानी लिपुलेकको छोटो मार्ग प्रयोग गर्न पाउँदा दुवै देशको ढुवानी खर्च बचत भई व्यापारिक नाफा हुने देखिन्छ। हाल चीन र भारतबीच हवाई मार्ग र जलमार्गबाट हुने व्यापार खर्चालु छन्। त्यसैले व्यापार सहज बनाउन लिपुलेक मार्ग प्राप्तिको आधार बन्नसक्ला कि ? भनेर भारतले कुरा बढाउनका निम्ति स्वार्थवश नयाँ नक्सा प्रकाशित गरेको पनि हुनसक्छ।

नेपाल-भारत धार्मिक र सांस्कृतिक दृष्टिकोणबाट असाध्यै नजिक भएका र हुनुपर्ने प्रकृतिका मुलुक भएकाले यसको महत्वलाई जोगाउनु आवश्यक छ। यसका निम्ति सर्वप्रथम भारतले सोच्न जरुरी छ कि ! हालै प्रकाशन गरेको नयाँ नक्सामा नेपालको लिम्पियाधुरासम्मको कालापानी-लिपुलेक क्षेत्र आफ्नो भूमिमा मिसाउन खोजेका कारणबाट नै हामी दुई देशबीचको सुमधुर सम्बन्धमा चिसोपना आउन खोजेको हो, यसले परिस्थिति भयावह बन्न सक्छ, भन्ने यथार्थतालाई भारतले हृदयंगम गर्दै पौराणिककालदेखिको आपसी मित्रतालाई सम्झदै र मनन् गर्दै नयाँ नक्सामा नेपालको पश्चिमी भू-भाग संशोधन गरी नेपाल र ब्रिटिशकालीन सुगौली सन्धिको भावना समेतलाई सम्मान हुनेगरी अघि बढ्ने वातावरण बनाउनुपर्छ। वर्तमान



बिशाल भारत निर्माणमा तत्कालीन ब्रिटिशकालीन इष्ट इण्डिया कम्पनी सरकारको देन रहेको कुरा बिर्सनु हुँदैन। बिभिन्न स्वतन्त्रता संग्रामहरुमा नेपालीहरुले दिएका योगदान र सहादतहरुका बारेमा शान्त विचारबाट सोच्ने कुरालाई पनि बिर्सनु हुँदैन। गलत सल्लाहको भरमा परेर विविध असमझदारीका कारण २०७२ को भारतीय-नाकाबन्दीको असरले पारेको खाडल जस्तो नेपाल-भारत सम्बन्धको उचाईलाई फेरि बेहाल र विध्वंश हुन दिनु हुँदैन।

२६ सेप्टेम्बर १७४४ मा नुवाकोट बिजय गरे पश्चात थालनी भएको नेपालको एकीकरण अभियान सुगौली सन्धिको हस्ताक्षर पछि पूर्णरुपमा रोकियो। सन्धिको बुँदामा उल्लेख भए अनुसार नेपालले आफ्नो मन बाँधेर चट्टान जस्तो अडिग भएर बस्यो, महाकाली पश्चिम हेर्ने मनसाय कहिल्यै राखेको देखिँदैन भने छिमेकी मित्र राष्ट्रले पनि बरालीन खोज्नु राम्रो होइन, कतै यी अनेक कारणबाट नेपालको अडान धर्मरीन गयो भने, त्यो अनिष्टको दोष भारतलाई नै पर्न सक्छ। त्यसकारण दुवैथरीले सोच बिचार पुऱ्याएर आफ्नो तोकिएको सीमामै अडिन अनिवार्य छ। सन् १९०५ मा बिशालकाय रुस र सानो मुलुक जापानबीच भएको युद्धमा रुसले नराम्रोसँग पराजय व्यहोर्नुपरेको थियो, यो दृष्टान्त पनि भुल्न हुँदैन।

नेपाल-भारत दुवै देशको परराष्ट्र सचिवस्तरीय संयन्त्रलाई जागरुक बनाएर हुनसक्छ वा उच्चस्तरीय राजनीतिक प्रक्रियाद्वारा घनिभूत कुटनीतिक प्रक्रियाले वार्ता गरेर हुनसक्छ, पुराना नक्सा र दस्तावेजका आधारहरुलाई केलाउँदै दुवैपक्षको हीतमा समाधानका उपायहरु खोजिनुपर्छ। नेपालले आफ्नो ७७ जिल्ला र ७ प्रदेशको प्रष्ट रुपमा सीमा कोरिएको स्पष्ट नक्सा निर्माण गर्न आवश्यक छ। साथै आफ्नो राष्ट्रको आधिकारिक नक्सा बनाउँदा पूर्वमा मेची नदीको पूर्व-उत्तरका सबै अवस्थाको उच्चस्तरीय प्राविधिक टोलीबाट अध्ययन भ्रमण गरी आवश्यक सम्पूर्ण तथ्यहरु संकलन गर्ने र त्यसैगरी पश्चिम-उत्तरी सीमा लिम्पियाधुरासम्म पुऱ्याएर छुटाउन नमिल्ने सबै तथ्यहरुलाई समेटेर निर्माण गर्नु अत्यन्त जरुरी छ। यसरी दुई छिमेकी र असल मित्र राष्ट्र नेपाल र भारतबीचको आपसी सम्बन्ध र भाइचारा निरन्तर सुदृढ र स्थायी गराउन आपसी वार्ता, विश्वास र समझदारीमा सधैं कहिल्यै कतै नअल्मिलिई प्रगाढ र बिश्वस्त बनाउनु पर्छ, यसैमा सबैको भलाई छ।

# कालापानी–लिपुलेकको सीमा विवाद कसरी भयो ?

देवेश झा

तत्कालीन जम्मू-कश्मीर राज्यको विभाजनपछि लद्दाखसहित को नयाँ राज्यबारे आन्तरिक राजनीतिक व्यवस्थापनका लागि भारतद्वारा जारी गरिएको नक्साबाट नेपाल तरंगित भएको छ। लिपुलेक भन्ज्याङलाई भारतीय भूमिमा देखाइएको विषयबाट आक्रोशित विभिन्न विद्यार्थी संगठनहरुले चर्को नाराबाजीसहित विरोध प्रदर्शन गरेका छन्। सामाजिक सञ्जालमा पोखिएको रिस थामी नसक्नु भएको छ। कतिपयलाई यो मुद्दा हालै हुन लागेको उपनिर्वाचनमा कडा राष्ट्रवादी देखाउने राम्रो अवसर जुटाइदिएको छ। लिपुलेख ला (तिब्बतको भाषामा भन्ज्याङलाई 'ला'भनिन्छ) या लिपुलेक भन्ज्याङ (लिपुलेख दर्रा) भारतको उत्तराखण्ड राज्यको कुमाऊँ( गढवाल क्षेत्रलाई तिब्बतको ताक्लाकोट (पुरंग) शहरसँग जोडिन्छ।

प्राचीनकालदेखि व्यापारी र तीर्थयात्रीहरुका लागि कैलाश मानसरोवर, सिगात्से तथा ल्हासा जान सहज मार्ग भएकाले यो व्यापार, पर्यटन र तीर्थाटनका दृष्टिले निकै महत्वपूर्ण विन्दु मानिन्छ। नेपालको लागि पीडादायी रहँदै आएको लिपुलेक विवाद तात्कालीन ब्रिटीश इण्डिया र नेपालबीच दुई सय वर्षअघि भएको सुगौली सन्धिको अस्पष्टताबाट उब्जेको हो। सुगौली सन्धि, इस्ट इण्डिया कम्पनी र तत्कालीन नेपालको राजाबीच भएको सन्धि हो। जुन सन् १८१४/०१६ का बीच ब्रिटिश-नेपाली युद्धपछि अस्तित्वमा ल्याइएको थियो। उक्त सन्धि माथि २ दिसम्बर १८१५ मा नेपालको तर्फबाट राजगुरु गजराज मिश्र र कम्पनीको तर्फबाट लेफ्टिनेंट कर्नल पेरिस ब्रेडशा'द्वारा हस्ताक्षर भएर ४ मार्च १८१६ मा राजगुरूका सहायक चन्द्र शेखर उपाध्याय र ब्रिटिश जनरल डेविड आक्टरलोनीद्वारा मकवानपुरमा आदान प्रदान भयो।

यस अनुसार नेपालको केही भू-भाग ब्रिटिश भारतमा सामेल हुने, काठमाडौंमा एउटा ब्रिटिश प्रतिनिधिको नियुक्ति र ब्रिटेनको सैन्य सेवामा गोर्खाहरुको भर्ती गर्ने अनुमति दिनुका साथै नेपालले आफ्नो सरकारी सेवामा कुनै पनि अमेरिकी या युरोपीय कर्मचारीको नियुक्तिका लागि ब्रिटिशसँग पूर्व अनुमति लिनुपर्ने व्यवस्था गरिएको थियो।

इस्ट इण्डिया कम्पनी र तत्कालीन राजाबीच भएको नौ बुँदे सन्धिको बुँदा नम्बर ३ र ५ अनुसार नेपालको पश्चिमी सीमाना काली नदी भनेर तोकिएको छ। तर, उक्त नदीको मुहानबारे उल्लेख गरिएको छैन। लिपुलेक वा लिपुलेकको पश्चिम, हाल भारतमा पर्ने भनिएको लिम्पियाधुरा या कालापानीभन्दा केही तल पर्ने काली मन्दिरमध्ये कुनलाई काली नदीको मुहान मान्ने भन्नेमा भिन्नाभिन्नै धारणा छन्। नदीको सबैभन्दा ठूलो र लामो स्वरुप जहाँबाट निस्कन्छ त्यसलाई नै मुहान मान्नुपर्ने भन्दै कतिपय नेपाली इतिहासविद् तथा सीमाविद्हरु लिम्पियाधुरातिरको भाग पनि नेपालमै पर्ने तर्क गर्छन्। तर, नेपाल सरकार स्वयम्ले लिम्पियाधुरापट्टिको झण्डै दुई सय वर्ग किलोमिटरको भू-भागमाथिको दाबी औपचारिक रुपमै परित्याग गरिसकेको सरकारकै दस्तावेजहरुले देखाउँछन्।

त्यस्तै बुँदा नम्बर ४ बमोजिम नेपालले मुआब्जा स्वरुप वार्षिक दुई लाख रुपैयाँ पाउने पनि तय भएको थियो। पछि तराई क्षेत्रका केही भागहरू सन् १८१६ दिसम्बरमा नेपाललाई फर्काइयो र यसका साथै मुआब्जाको रुपमा दुई लाख रुपैयाँ पाउने व्यवस्थालाई समाप्त पारिएको थियो। सन् १८५७ मा तत्कालीन ब्रिटिश इण्डियामा भएको सैन्य विद्रोहलाई दबाउन नेपालले दिएको सहयोग बापत पुनः यस क्षेत्रका केही भागहरू (बाँके, बर्दिया, कैलाली र कञ्चनपुर) सन् १८६० मा नेपाललाई फर्काइयो। सन्धिको वैधताका लागि बुँदा नम्बर ९ अनुसार सोको अनुमोदन तत्कालीन राजा गीर्वाण युद्धबिक्रम शाहद्वारा हुनुपर्नेमा त्यसको कुनै अभिलेख निर्णायक रूप उपलब्ध छैन।

सन्धिमा राष्ट्रको सीमांकन स्पष्ट नभएकोले आज पनि विवाद कायम छ। कालापानी र सुस्ता क्षेत्रमा रहेको विवादका कारण नेपाल र भारतले अहिलेसम्म दुवै पक्षलाई मान्य हुने नक्सा तयार पार्न सकेका छैनन्। परराष्ट्र सचिव स्तरमा कालापानीसहितका सीमा विवाद सुल्झाउने सहमति तत्कालीन भारतीय विदेशमन्त्री स्व. सुष्मा स्वराज र प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमण गर्दा पनि भएको थियो। तर, यसको टुंगो लाग्नुपूर्व दिल्ली र बेइजिंगले लिपुलेकलाई द्विपक्षीय रुपमा व्यवहार गरेपछि फेरि विवाद उत्पन्न भयो। यसरी हेर्दा उत्तरी छिमेकी चीनले पनि लिपुलेक बारेको भारतीय दाबीलाई अप्रत्यक्ष रूपमा स्वीकारेको देखिन्छ। यसै क्रममा नेपाल र भारतले औपचारिक रूपमा आफ्नो दृष्टिकोण स्पष्ट पारेका छन्। नेपालले सो नक्शालाई अस्वीकार गरेको छ भने भारतीयले नक्सामा कुनै नौलो कुरा नभएको बताएका छन्।




भारतीय विदेश मन्त्रालयका प्रवक्ताले नयाँ नक्सामा आफूहरुले नेपालसँगको सीमानामा कुनै पूनरावलोकन नगरेको दाबी गरेको छ। 'नेपालसँगको सीमा विवादमा अहिले कायम रहेको संयन्त्रले समाधानको लागि काम गरिरहेको छ' -प्रवक्ता रविस कुमारले भनेका छन्। भारतले नेपालसँगको सीमा विवाद वार्ता तथा सहमतिको माध्यमबाट नै समाधान गर्न सकिने विश्वास लिएको बताएका छन्। त्यस्तै नेपालको परराष्ट्र मन्त्रालयले विज्ञप्ति मार्फत यस बारे ध्यानाकर्षण भएको बताउँदै उक्त भू-भाग नेपालको अभिन्न अङ्ग रहेको दाबी गरेको छ।

सीमा सम्बन्धी विवादहरुको समाधान गर्न सन् २०१४ मा गठित नेपाल-भारत संयुक्त सीमा कार्यदलको छैटौं बैठक तीन महिनाअघि मात्रै देहरादुनमा भएको थियो। तर, सो कार्यदललाई सुस्ता र कालापानीको सीमांकन गर्ने अधिकार नदिएको हुनाले विवाद नभएका ठाउँहरूमा मात्र संयुक्त कार्यदलले काम गर्दै आइरहेको छ। लिपुलेक र कालापानी भारतले आफ्नो नक्साभित्र राखेको भनेर विरोध भइरहेका बेला उत्तरी छिमेकी राष्ट्र चीनले पनि नेपालको उत्तरी सिमानामा मिचेको तथ्य सार्वजनिक भएको छ। सरकारको एक अध्ययन प्रतिवेदन अनुसार चीनले नेपालको संखुवासभा, रसुवा, सिन्धुपाल्चोक र हुम्लाको सीमा क्षेत्रको भुभाग मिचेको हो।

अन्तर्राष्ट्रिय क्षेत्रमा सीमा विवाद नौलो विषय होइन। सन् १९६० मा वीपी कोइरालाले माओत्सेतुङ र चाउ एनलाईसँगको भेटमा सम्पूर्ण सगरमाथा नेपालको अधिकार क्षेत्रभित्र रहेकोले सीमा सुनिश्चित गर्ने कुरा गर्दा माओले दक्षिण मोहडा नेपालको र उत्तरपट्टि चीनको हुनुपर्ने सुझाएका थिए। त्यतिबेला गठित सीमा निर्धारण आयोगले त्यसै अनुसार सगरमाथाको भागबण्डा गरेपछि राजा महेन्द्रको पालामा सीमा सन्धिमा हस्ताक्षर भयो र यसरी सगरमाथा (तिब्बती भाषामा यसको नाम चोमोलुङ्गमा हो) को चुचुरोमा चीनको पनि बराबर हक कायम भएको छ।

यसैगरी पूर्वी नेपालको चीनसँग निर्धारित उत्तरी सीमाना हिमश्रृंखलाको 'वाटरशेड' हो। कञ्चनजङ्घादेखि मकालु, ल्होत्से, सगरमाथाहुँदै गौरीशंकर र लाङटाङसम्मका हिमश्रृंखलाको सबभन्दा उच्चतम् बिन्दुबाट झर्ने धारले दुई मुलुकको सीमा जनाउँछ। लाङटाङबाट त्रिशूली नदी पारीको गणेश हिमाल आधा कटेपछि हिमश्रृंखला सीमानाको रुपमा नरही नेपाल पस्दछ र त्यसभन्दा पश्चिमका हिमालहरू मनास्लु, अन्नपूर्ण, धौलागिरि इत्यादि पूरै नेपालभित्र पर्दछन्। प्रत्येक मुलुकले आफ्नो दाबी र सुविधा अनुसार देशको नक्सा प्रकाशित गर्ने गर्दछन्। भारतले पाकिस्तान प्रशासित कश्मीरलाई आफ्नो भुभाग देखाउँछ भने पाकिस्तानले आफ्नो।

यसैगरी भारतको लद्दाख क्षेत्रमा पर्ने अक्शाई चीन, काराकोरम र अरुणाचल प्रदेशलाई चीनले आफ्नो भूगोलमा देखाएको छ भने भारतीय नक्शामा पनि सो क्षेत्र देखिएकै छ। तर, यही विषयमा बेइजिङ, दिल्ली अथवा इस्लामावाद तरंगित भइरहेको देखिँदैन। सीमांकनको दाबी तथ्यगत आधारमा परस्परको सहमतिबाट टुंगिने विषय हो। र, अन्ततः यस बाहेक अन्य बाटो भएर निक्यौल सम्भव पनि छैन। चुनावी प्रयोजनका लागी गरिने उग्र प्रदर्शन, पुतला दहन र घृणाको राजनीतिले क्षणिक तुष्टीकरण मात्रै गर्ने हो। पूर्वमा मेची र पश्चिममा महाकाली नदीलाई नेपाल-भारत बीचको अन्तर्राष्ट्रिय सीमा मानिएको छ। तर, नदीको बग्ने धार प्रायः परिवर्तन भइरहने हुँदा उत्पन्न हुने गरेको सीमा विवादको आरोप प्रत्यारोप अन्त्य गर्न यसको स्थायी समाधान गर्न आवश्यक छ। त्यस्को लागि सुगौली सन्धि कालखण्डमा दुवै पक्षबीच स्वीकृत नक्सालाई आधार मान्दै पारस्परिक हितलाई ध्यानमा राखेर कुटनीतिक माध्यमबाट निर्णय गर्दा उपयुक्त हुन्छ। *खवरहव*

# सीमा क्षेत्रमा २६५ निगरानी चौकी आवश्यक

नारायण ढुंगाना

**झापा, कात्तिक ३०।** नेपालसँग सीमा जोडिएको क्षेत्रमा अझै आवश्यक मात्रामा 'सीमा निगरानी चौकी' स्थापना गर्न सकिएको छैन । सीमाको सुरक्षाको जिम्मा पाएको सशस्त्र प्रहरीले स्रोतसाधन अभावले सीमित क्षेत्रमा मात्रै सुरक्षा चौकी स्थापना गरेको छ । अहिले स्थापना भएका सीमा निगरानी चौकीभन्दा दोब्बर बढीको आवश्यकता छ । अत्यावश्यक क्षेत्रमा समेत सशस्त्र प्रहरी पुग्न सकेको छैन ।

सीमा सुरक्षाको जिम्मा पाएको सशस्त्र प्रहरीले समेत आवश्यक मात्रामा अझै 'सीमा निगरानी चौकी' स्थापना गर्न नसकिएको स्वीकार गरेको छ । सशस्त्र प्रहरी बल नेपालले अहिलेसम्म सीमा क्षेत्रमा एक सय सात चौकी स्थापना गरेको छ । उसले गरेको अध्ययनमा न्यूनतम् दुई सय ६५ स्थानमा सशस्त्रको उपस्थिति गराउनुपर्ने आवश्यकता छ ।

सशस्त्र प्रहरी बलका प्रवक्ता सशस्त्र प्रहरी नायब महानिरीक्षक सुरजकुमार श्रेष्ठले जनशक्ति साधन, स्रोत र प्रविधिलगायत कारणले चौकी स्थापना गर्नेमा समस्या देखिएको बताउँदै आफ्नै प्रयासमा भएको जनशक्तिलाई परिचालन गरेर सशस्त्रले सीमाको निगरानी बढाउँदै आएको उल्लेख गरे ।

सीमा निगरानी बढाउन सशस्त्र प्रहरीका गत वर्ष २० चौकी थप गरेका र यो वर्ष २५ थप्ने योजना छ । अहिलेसम्म मौजुदा सशस्त्र प्रहरीलाई नै परिचालन गरिरहेका छौं, अब थप प्रहरीको उपस्थिति बढाउँदा जनशक्ति, स्रोतसाधन र प्रविधि आवश्यक हुन्छ- श्रेष्ठले भने- अहिले हाम्रो औषत १८ किलोमिटरको दूरीमा एउटा चौकी छ, एक चौकीबाट अर्कोको दूरी सात किलोमिटरमा झार्ने योजनाका साथ दुई सय ६५ पोष्ट आवश्यक हुने भनेर पहिचान भएको छ, तब मात्रै सुरक्षा निगरानी राम्रो गर्न सक्छौं ।

उत्तरतर्फ १७ र दक्षिणतर्फ दुई सय ४८ चौकी भएमा सुरक्षा निगरानी राम्रो गर्न सकिने भन्दै श्रेष्ठले यसका लागि ठूलो जनशक्तिको आवश्यकता रहेको बताए । एउटा चौकीमा सशस्त्र प्रहरी निरीक्षकको नेतृत्वमा ३५ सशस्त्र प्रहरी खटिन्छन् । अहिले सीमा क्षेत्रमा झण्डै चार हजार सशस्त्र प्रहरी छन् । चौकी थप गर्न दरबन्दी नै आवश्यक हुनेछ । सबै क्षेत्रमा व्यवस्थापन गर्न थप १४ हजार सशस्त्र प्रहरी आवश्यक हुने जनाइएको छ ।

पछिल्लो समयमा लिम्पियाधुरा, लिपुलेक र कालापानीलगायत भू-भाग भारतले आफ्नो राजनीतिक नक्सामा समावेश गरेको भनेर विरोध भइरहेको छ । सो क्षेत्रमा समेत सशस्त्र प्रहरी पुग्न सकेको छैन । सशस्त्र प्रहरी ऐन २०५८ले सशस्त्रलाई सीमा सुरक्षाको जिम्मा दिएको छ । योसँगै सशस्त्र दङ्गा, विद्रोह, आतंककारी गतिविधि नियन्त्रणसँगै भीआइपी सुरक्षा, विपद् व्यवस्थापन, राजश्व, भन्सार तथा औद्योगिकलगायत १३ वटा सुरक्षाको जिम्मा सशस्त्रको छ ।

विविध जिम्मेवारीमध्ये सीमा सुरक्षालाई प्राथमिकतामा राखेर सीमामा भइरहेका घटनाको सरकारलाई चाँडो खबर गर्ने गरेको जनाइएको छ । प्रवक्ता श्रेष्ठले सीमा विवाद अहिले मात्र नभई सन् १९६५देखि नै भइरहेको जानकारी दिँदै अहिले भारतको नक्सामै राखेको भनिएकाले मात्रै घटना सतहमा आएको बताए । चीन र भारतसँग नेपालको सीमा जोडिएकाले फरक खालका चुनौति छन् । नेपाल र भारतको सीमाना खुला भएकाले जुनसुकै ठाउँबाट मान्छे ओहोरदोहोर गर्न सक्छन् ।

बस्तु चराउनेसम्मको खुला रहेकाले यसलाई रोक्न सशस्त्र प्रहरीले सक्दैन । यसलाई अधिकतम् सुरक्षा बढाउने मात्रै हो । दैनिक लाखौं मानिस ओहोरदोहोर हुने गरे पनि अभिलेखीकरण छैन । सोका कारण सीमा क्षेत्रको सुरक्षामा ठूलो चुनौति रहेको सशस्त्र प्रहरीको निष्कर्ष छ । अहिलेसम्म भारतसँग जोडिएका दक्षिणी क्षेत्रमा मात्रै सुरक्षा चौकी छ, उत्तरतर्फ छैन । यो वर्ष उत्तरतर्फ चारवटा राख्ने योजना रहेको सशस्त्र प्रहरीले जनाएको छ ।

उच्च हिमाली क्षेत्र भएकाले आवश्यक तयारी गरेर चौकी स्थापना गर्ने योजना सशस्त्र प्रहरीको छ । पहिले चौकी थप्न अर्थ मन्त्रालयको सहमतिमा मन्त्रिपरिषद्को निर्णय नै गर्नुपर्ने थियो । अहिले जिल्ला सुरक्षा समितिको निर्णयअनुसार सीमामा सशस्त्र प्रहरी खटाउन सकिने अवस्था आएकाले चौकी स्थापनामा केही सजिलो भएको जनाइएको छ ।

नेपालको दक्षिणतर्फको सीमा क्षेत्र करीब एक हजार आठ सय किलोमिटर र उत्तरतर्फ एक हजार चार सय किलोमिटरको हाराहारी रहेको जनाइएको छ । वि.सं. २०५८मा सशस्त्र प्रहरी बल स्थापना भए पनि सीमामा वि.सं. २०६३ बाट मात्रै चौकी स्थापना भएका थिए । श्रेष्ठले सीमा विवाद दुई देशको पहलमा मात्रै समाधान गर्न सकिने उल्लेख गर्दै नेपाल-भारतको संयुक्त सर्वेको काम जारी रहेकाले त्यसले समाधानका उपाय पहिल्याउन सक्ने बताएको छ ।

## भारत र चीनका सबै नाकामा विषादी परीक्षण उपकरण राखिने



**झापा, कात्तिक ३०।** तरकारी र फलफूलमा विषादि परीक्षण गर्न सबै सीमा नाकामा उच्च प्रविधिका उपकरण राख्न लागिएको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले जनाएको छ ।

अन्तर्राष्ट्रिय विमानस्थलसहित नेपाल र भारत एवम् नेपाल र चीनको सिमानामा गरी १२ वटा नाकामा उपकरण राखिने विभागको भनाइ छ ।

सीमामा प्रयोगशाला नहुँदा अहिले टाढाका स्थानमा रहेका कृषि प्रयोगशालामा नमुना लगेर परीक्षणका निम्ति जानुपर्ने बाध्यता रहेको छ ।

विदेशबाट आयात हुने तरकारी र फलफूलमा विषादि परीक्षण गर्ने व्यवस्था गर्न नसकेको भन्दै सरकारको आलोचना हुने गरेको छ ।

हाल भारतबाट आयात हुने तरकारी र फलफूलमा विषादिको मात्रा परीक्षणको विषयलाई तत्कालका लागि सम्बोधन गर्ने गरी कृषि प्रयोगशालामा विषादि अवशेषको सामान्य चेकजाँच गरी भित्र्याउने व्यवस्था छ । यस्तो व्यवस्थाले नमुना लिएर टाढा जानुपर्ने कारण फलफूल र तरकारी छिटो सड्ने बस्तु लामो समयसम्म नाकामै अल्झिने गुनासो व्यवसायीहरूले गर्दै आएका छन् ।

प्रभावकारी तथा सहज परीक्षणको व्यवस्थाको माग विभिन्न क्षेत्रबाट भइरहेका बेला सरकारले नाकामै विषादि परीक्षणको व्यवस्था गर्न लागेको जनाएको हो ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका प्रवक्ता मोहनकृष्ण महर्जनका अनुसार उच्च प्रविधिका उपकरण राखेर विषादी परीक्षण गर्ने गरी खरिद प्रक्रिया अगाडि बढाइएको छ ।

भन्सारमै विषादी परीक्षण गरिनुपर्छ भन्ने जुन कुरा उठिरहेका छन् त्यसका आधारमा विभागले परीक्षण गर्न सकिने खाले उपकरण राख्ने र अनुगमन गर्ने तयारी गरिएको हो- महर्जनले भने ।

हाल ती उपकरण खरिद गर्ने प्रक्रिया अघि बढाइएको छ । झण्डै १० करोड रुपैयाँको लागतमा खरिद गरिने यस्ता उपकरणहरूमध्ये एउटा अन्तर्राष्ट्रिय विमानस्थलमा राखिने छ भने नौवटा भारतीय नाकामा र दुईवटा चिनियाँ नाकामा राखिने छन् ।

त्यस्तै केन्द्रीय प्रयोगशालाको क्षमतालाई पनि बढाइने बताइएको छ । उपकरण आउँदासम्म जनशक्ति तयार पार्ने गरी तालिम समेत भइरहेको प्रवक्ता महर्जनले बताए ।

महर्जनले भने- तालिमका लागि केही साथीहरूलाई भारत पठाइएको छ । हाल जुन किसिमका विषादि हेर्न सक्ने हाम्रो अवस्था छ त्यसभन्दा थप जटिल परीक्षण गर्न सक्ने खाले तालिम उनीहरू लिइरहेका छन् ।

धेरैजसो फलफूल र तरकारी भारतीय नाका हुँदै आयात हुने भएकाले भारतीय नाकामा विषादि परीक्षणलाई प्रभावकारी बनाउन सकिएमा नेपालमा विषादियुक्त खानेकुरा भित्रिन निकै कम हुने वीवीसीले जनाएको छ ।

## स्वर्ण महोत्सवमा हाजिरी जवाफ

**कनकाई, कात्तिक ३०।** कनकाई नगरपालिका-७स्थित दुर्गापुर बजारको स्वर्ण महोत्सव बर्षको अवसरमा कनकाई नगर अन्तर मावि स्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ ।

कनकाई नगरपालिकाभित्रका ११ वटा सामुदायिक तथा संस्थागत विद्यालयहरुको सहभागिता रहेको सो प्रतियोगितामा विद्वोदय अंग्रेजी मावि प्रथम, कनकाई मावि द्वितीय, भृकुटी मावि तृतीय र हरिकुल नमूना मावि सान्त्वना भएका थिए । प्रथम, द्वित्तीय, तृतीय र सान्त्वना हुने विद्यार्थीहरुलाई क्रमशः नगद तीन हजार, दुई हजार, एक हजार र पाँच सय रुपैयाँसहित ट्रफी तथा प्रमाण-पत्र प्रदान गरिएको थियो । नगद पुरस्कार ई-भिलेज केन्द्रका प्रबन्धक अमृत योङहाङले आफ्नो दिवंगत आमा पालहाङ्मा योङहाङको स्मृतिमा प्रायोजन गरेका थिए ।

प्रतियोगितामा नवयुग शिक्षा निकेतन, फक्ताङ्लुङ एजुकेसन फाउण्डेशन, चम्पापुर मावि, आदर्श विद्या मन्दिर मावि, पशुपति अंग्रेजी मावि, झापा मेरिगोल्ड र दिव्यरत्न माविले सहभागिता जनाएका थिए ।

बजार व्यवस्थापन समितिका अध्यक्ष देवीप्रसाद भट्टराईको अध्यक्षता तथा कनकाई नगर प्रमुख राजेन्द्रकुमार पोखरेलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा वडाध्यक्ष लीलाबहादुर कन्दङ्वाले स्वागत गरेका थिए । कार्यक्रमको सञ्चालन मनोजकुमार थापा र लक्ष्मी अधिकारीले गरेका थिए ।

## पंण्डित तिम्सिनाको 'भक्तिरस' सार्वजनिक




**बुधबारे, कात्तिक ३०।** पण्डित लक्ष्मी तिम्सिनाले श्रीमद्भागवत महापुराण भक्तिरस नेपाली भाषामा अनुवाद गरेका छन् ।

झापा बुद्धशान्ति-१का पण्डित तिम्सिनाले श्रीमद्भागवत महापुराण भक्तिरस नेपाली भाषा टीका नामक पुस्तक प्रकाशन गरेका हुन् ।

धार्मिक व्यक्तित्व पं. बालकृष्ण चापागाँईको सभापतित्व तथा पूर्वीय दर्शनका ज्ञाता, टीकाप्रसाद भट्टराईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सो पुस्तकको विमोचन गरिएको हो ।

कार्यक्रममा धार्मिक व्यक्तित्व नन्दकुमार तिम्सिनाले पुस्तक र लेखकका बारेमा चर्चा गरेका थिए भने प्रमुख अतिथि भट्टराई, अतिथिहरु बुद्धशान्ति-१ नम्बर वडाका वडा सदस्य टीका धिमाल, पूर्वेली साप्ताहिकका सम्पादक अनिल वाग्ले लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

लेखककी श्रीमती प्रतीक्षा भट्टराई तिम्सिनाले स्वागत गरेको कार्यक्रमको सञ्चालन मोहन तिम्सिनाले गरेका थिए । एक सय ६२ पृष्ठको सो पुस्तकमा सरल नेपाली भाषाको प्रयोग गरिएको छ ।

## गरामनीमा निःशुल्क होमियोप्याथिक शिविर



**विर्तामोड, कात्तिक ३०।** अहमदिया संघ नेपालको आयोजनामा झापाको गरामनीमा एक दिने निःशुल्क होमियोप्याथिक स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

बिर्तामोड-७ गरामनी खालवाडीमा भएको शिविरमा भारतको पञ्जाबबाट आएका डाक्टर महम्मद बदर अहमद साहेबले बिरामीहरुको स्वास्थ्य परीक्षण गरेका थिए ।

त्यस्तै अहमदिया संघ नेपालका झापा इञ्चार्ज नासीर अहमद, इटहरी इञ्चार्ज अशोक कठात, कर्मचारीहरु महम्मद सरीफूल, वसिर आलम, सज्जात अन्सारीलगायतले शिविरमा सहयोग पुर्‍याएका थिए ।

शिविरमा सहभागी पाँच सयभन्दा बढीको गठियावाद, बवासिर, पत्थरी, चर्मरोग, पाइल्स, हातखुट्टा झमझमाउने, लगायतका बिभिन्न रोगहरूको जाँच गर्नुका साथै बिभिन्न रोगहरूको होमियोप्याथी औषधि निःशुल्क वितरण गरिएको थियो । अहमदिया संघ नेपालले काठमाडौ वीरगञ्ज, लगायतका जिल्लाहरुमा प्रत्येक बर्ष यस्ता किसिमका शिबिरहरु सञ्चालन गर्दै आएको अहमदिया संघ नेपालका झापा इञ्चार्ज नासीर अहमदले बताए । उनले संस्थाले शिक्षा, स्बास्थ्य, प्राकृतिक बिपत्ति लगायतका विविध कार्य गर्दै आएको उनले बताए ।

संस्थाको केन्द्रीय कार्यालय पञ्जाब, भारतमा रहेको र नेपाल लगायत बिश्वका धेरै देशहरुमा पनि कार्यालय रहेको उनले बताए ।

## उदहारणीय बन्दै रोङका जनप्रतिनिधिहरु

**इलाम कातिक ३०।** रोङ गाउँपालिकाका जनप्रतिनिधिहरु बिकास निमार्णमा नागरिकसँगै सक्रिय रहेका छन् ।

इलामको तीनघरे, शान्तिपुर बरफल्याङ झापा सडकको जुरेभञ्ज्याङदेखि बाटो सोलिङ गरिँदै गरेको स्थानमा मजदुरसँगै वडाध्यक्ष बुद्ध ढकाल समेत काम गरिरहेका थिए । सूर्योदयको खण्डमा बाटो अप्ठ्यारो भए पनि रोङ गाउँपालिकाले भने पहिलो चौमासिकमा नै सात मिटर चौडाइ रहेको ९ सय ३० मिटर बाटो खन्न र अति बिकट २ सय मिटर सोलिङ गर्न २६ लाखको टेण्डर आव्हान गरे पनि १२ लाख ४५ हजार २ सय १८ रुपैयाँ ७३ पैसामा टेन्डर स्वीकृत गरी तोकिएकै मापदण्डमा १ हजार ३० मिटर बाटो खनेर ७५ प्रतिशत सोलिङको माक सकिएको उनले बताए । आगामी मंसीरको पहिलो हप्ताभित्र काम सक्ने लक्ष्य रहेकोले आफू समेत निरन्तर सक्रिय रहेको बडाध्यक्ष ढकालले बताए ।

गाउँपालिकाको योजना र कार्यक्रमहरु सफल भएको गाउँपालिकाका अध्यक्ष शमसेर राइले बताए । सो सडकको बिकट र साँघुरो स्थानमा बेलैमा सडक बिस्तार भएको र अति हिलाम्मे ठाउँहरुको छनौट गरी सोलिङ समेत गरिएकोमा आफूहरुलाई ठूलो राहत मिलेको स्थानीय इच्छाराम राईले बताए ।



## रोमान्टिक अवतारमा पल र पूजा

'मेरो एउटा साथी छ', 'प्रेमगीत' जस्तो यादगार फिल्म पस्किसकेका निर्देशक सुदर्शन थापाको हरेक फिल्मको दर्शकमा व्यग्र प्रतिक्षा रहने गर्दछ ।

फिल्म 'सम्हालिन्छ कहिले मन' को छायांकनपछि गएको डेढ महिनादेखि उनी अभिनेता पल शाह र अभिनेत्री पूजा शर्मालाई लिएर फागुन २३ गतेबाट प्रदर्शनमा आउने फिल्म 'म यस्तो गीत गाउँछु २' को एक्सन-कटमा व्यस्त छन् ।

यसैबीच, निर्माण टिमले सात दिन लगाएर अहिलेका चर्चित संगीतकार अर्जुन पोखरेलले तयार पारेको 'तिम्रो घरको वरिपरि' बोल गीत खिचेको छ । नेपाल र भारतको सीमानामा पर्ने सन्दकपुर गाउँ, पानीटारको चियाबारी, इलाम, पाँचथरलगायतका स्थानमा खिचिएको गीतमा पल र पूजा रोमान्टिक अवतारमा देखिएका छन् ।

गीतको भिडियोमा ५ सय कोरस प्रयोग गरिएको छ । सम्भवतः नेपाली फिल्मको गीतमा यो संख्यामा कोरस प्रयोग गरिएको पहिलोपटक हो । गीतमा सोनम तोप्देन र अस्मिता अधिकारीको स्वर छ भने रामजी लामिछानेको कोरियोग्राफी र सौरभ लामाको छायांकन छ । लभस्टोरी फिल्म बनाउन खप्पिस मानिने सुदर्शन थापाको फिल्ममा गीतलाई निकै सुन्दर ढंगले दृश्यांकन गर्ने गरिन्छ ।

यो गीतमा पनि कुनै सम्झौता नगरिएको निर्देशक थापाको दाबी छ । उनले गीतले मागेको लोकेशनमा भिडियो खिचिएको बताए । फिल्मको पहिलो प्रचार सामाग्री स्वरुप यो गीत सार्वजनिक गर्ने तयारीमा निर्माण टिम छ । शिवम् अधिकारीको लेखन रहेको फिल्ममा दिनेश डीसी, हरिहर शर्मालगायतका कलाकारको पनि अभिनय छ । यो फिल्म 'म यस्तो गीत गाउँछु' को सिक्वेल हो ।

## हलमा मिस्टर नेपाली



शुक्रवारबाट नयाँ नेपाली चलचित्र 'मिस्टर नेपाली' हलमा रिलिज भएको छ । देशभरका हलमा रिलिज भएको यो चलचित्रलाई देव भुषालले लेखन तथा निर्देशन गरेका हुन् ।

प्रेमराज दाहालको लगानीमा तयार भएको यो चलचित्रमा नायक भूवन केसी, नायिका रीमा विश्वकर्माको साथमा सरोज खनाल, विष्णु सापकोटा, रवि डंगोल, साहिल श्रेष्ठ, कुसुम राउतको मुख्य भूमिका छ ।

चलचित्र 'मिस्टर नेपाली' ले राष्ट्रियताको कथालाई उठान गरेको छ । साथमा, चलचित्रमा रवि डंगोल र विष्णु सापकोटाको भरपुर कमेडी छ । चलचित्रले बिहानी शोबाट औषत सुरूवात गरेको छ । चलचित्रले लामो रेशको घोडा बन्नका लागि दर्शकको बलियो वर्ड अफ माउथको साथ पाउनुपर्ने हुन्छ ।

## जामुनाबारीको सभामा सम्मान



**सुरुङ्गा, कात्तिक ३०।** जामुनाबारी सामुदायिक वन उपभोक्ता समूह तथा जामुनखाडी सिमसार तथा पर्यटकीय क्षेत्रको २४औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

समूहका अध्यक्ष ख्यामराज सिटौलाको अध्यक्षता र झापा क्षेत्र नं. ४का प्रदेश सांसद सदस्य हीराकुमार थापाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा केही महिना अघि जंगली हात्तीको आक्रमणबाट मृत्यु भएका उक्त वन समूहका उपभोक्ता ओमनाथ खनालका परिवारजनलाई नेपाल सरकारबाट प्राप्त राहत रकम १० लाख हस्तान्तरण गरिएको थियो ।

कनकाई सामुदायिक वन समूह सुरुङ्गाका अध्यक्ष ख्यामप्रसाद ओली, सब-डिभिजन कार्यालय सुरुङ्गाका सहायक वन अधिकृत ओम भट्टराई, कनकाई नगरपालिका-१ अध्यक्ष रोशनराज पोखरेल लगायतको आतिथ्य रहेको कार्यक्रममा कनकाई नगरपालिका-२का अध्यक्ष एवम् सो वन समूहका पूर्वअध्यक्ष परशुराम गिरी, सामुदायिक वन उपभोक्ता महासंघ झापा अध्यक्ष वेदप्रकाश भण्डारी, डिभिजन वन कार्यालय झापाका प्रमुख विष्णुलाल घिमिरे, कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेल लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा वन समूहको क्षेत्रभित्र रहेका सरस्वती मावि र पञ्चकन्या प्राविलाई सम्मान गरिएको थियो । सरस्वती माविको सम्मान पत्र सहायक प्रधानाध्यापक निर्मलकुमार खनाल र पञ्चकन्या प्राविको सम्मानपत्र शिक्षक मीना रिजालले ग्रहण गरेका थिए । त्यसैगरी, सञ्चार क्षेत्रद्वारा वातावरण संरक्षण र पर्यटन विकासमा पुऱ्याएको योगदानका लागि सञ्चारकर्मीहरु सावित्रा दाहाल र मनकुमार नेम्बाङ (मोहन) लाई नगदसहित सम्मान गरिएको थियो । त्यही क्रममा धनबहादुर मगर, पृथ्वीबहादुर बस्नेत (कुमार) र गोविन्द बस्नेतलाई उत्कृष्ट कर्मचारीको रुपमा नगदसहित सम्मानपत्रद्वारा सम्मान गरिएको थियो । वन समूहको सेवाक्षेत्रभित्र रहेका फरक क्षमता भएका कर्णबहादुर राई, चन्द्रबहादुर राई र निकिता चौधरीलाई पनि नगदसहित सम्मान गरिएको थियो ।

कार्यक्रममा अध्यक्ष सिटौलाले आ.व. २०७५/०७६ को समीक्षा र आ.व. २०७६/०७७ को कार्ययोजना समेटिएको वार्षिक प्रतिवेदन, उपाध्यक्ष धननारायण श्रेष्ठद्वारा प्रस्तुत आ.व.२०७६/०७७ को अनुमानित आय-व्यय समेटिएको बजेट, कोषाध्यक्ष बुद्धिमान बोहोराद्वारा लेखा परीक्षण प्रतिवेदन प्रस्तुत गरिएका थिए । त्यसैगरी, कार्यालय सचिव अम्बरबहादुर चौहानद्वारा विधान संशोधन-२०७६ र कर्मचारी प्रशासनिक नियमावली-२०७६ प्रस्तुत गरिएका थिए । सबै प्रतिवेदन र प्रस्तावहरु साधारणसभाको बन्दसत्रले पारित गरेको लेखा समिति संयोजक गंगा खवासले जानकारी दिए । समूहका उपाध्यक्ष दिलकुमार राईले स्वागत गरेको कार्यक्रम सचिव मनिता राईले सञ्चालन गरेकी थिइन् ।